नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३३ अंक १५ २०८० साल साउन १८ गते बिहीबार (3 Aug. 2023 Thursday) मूल्य रु. ५/-




**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : 'मन नेपालमा, रोजीरोटी... ३ पृष्ठमा : सूचना प्रविधि क्षेत्रमा नयाँ ... ३ पृष्ठमासूचना प्रविधिको अथाह सम्भावना ...

# प्रहरी प्रशासनबाट भइरहेको दुर्व्यहारबारे चिन्ता व्यक्त

## प्रेस युनियन सप्तरीको नयाँ नेतृत्व चयन







**दैनिक समाचारदाता**
**राजविराज, १७ साउन ।**

नेपाल प्रेस युनियनका केन्द्रिय अध्यक्ष शिव लम्सालले पत्रकारहरुमाथी विभिन्न जिल्लामा प्रहरी प्रशासनबाट भइरहेको दुर्व्यहारबारे चिन्ता व्यक्त गरेका छन् ।

प्रेस युनियन सप्तरीको ७औं जिल्ला अधिवेशनको प्रमुख अतिथिको आसन्नबाट बोल्दै उनले यस्तो चिन्ता व्यक्त गर्दै यसबारे युनियनले आवश्यक कदम चाल्ने प्रतिबद्धता समेत जनाए ।

उनले प्रेस स्वतन्त्रता र लोकतन्त्र स्थापनाका लागि युनियनले गरेको योगदान बारे चर्चा गर्दै पेशागत हकहीतको संरक्षणका लागि युनियन सदैव एक कदम अगाडी रहने जनाए ।

उनले एउटै प्रकृतिका सबै संगठनमा समान दृष्टिकोण राखेर शुद्धीकरण हुनुपर्ने बताउँदै सदस्यता शुद्धीकरणको नाममा चुनाव जित्ने र हार्नेहरूको मोर्चा बन्नु नहने उनले सुझव दिए ।

यस्तै नेपाल प्रेस युनियनका उपाध्यक्ष अनिल कर्णले पछिल्ला दिनमा पत्रकार र प्रेसमाथि हुँदै आएका हमलाका घटनाप्रति युनियन गम्भीर रहेकोले प्रेस स्वतन्त्रताको रक्षार्थ आउनै लागेका चुनौतीलाई सामना गर्न आफ्नो साङ्गठनिक तथा कार्य योजना तय गर्ने बताए ।

युनियनका जिल्ला अध्यक्ष श्रवणकुमार देवको अध्यक्षतामा आयोजित उद्घाटन समारोहमा प्रतिनिधिसभा सदस्य दिनेश कुमार यादव, कंचनरुप नगरपालिकाका प्रमुख ललनप्रसाद गुप्ता, सुरुङ्गा नगरपालिकाका प्रमुख गिता चौधरी, तिलाठी कोइलाडी गाउँपालिकाकी उपाध्यक्ष फुलकुमारी साह, अग्निसाइर कृष्णासवरण गाउँपालिकाका उपाध्यक्ष कल्पना चौधरी, कंचनरुप नगरपालिकाकी उपाध्यक्ष मुना पोखरेल, प्रेस युनियनका केन्द्रिय सदस्य सुधा देव, पत्रकार महासंघकी केन्द्रिय सदस्य ललिता साह, नेपाली काँग्रेस सप्तरीका सचिव सनत मण्डल, प्रेस संगठनका अध्यक्ष दिनानाथ यादव, समाजवादी प्रेस संगठनका अध्यक्ष अनिल पोखरेल, प्रेस मञ्चका अध्यक्ष भुषण सिंहलगायतले शुभकामना दिएका थिए ।

यस्तै बुधबारै प्रेस युनियन सप्तरीको सातौं अधिवेशनले बिनयलाल कर्णको अध्यक्षतामा नयाँ नेतृत्वको चयन गरेको छ । कर्णको अध्यक्षतामा गठन भएको नयाँ कार्यसमितिको उपाध्यक्षमा नवीनकुमार गुप्ता, महिला उपाध्यक्षमा ललिता साह, सचिवमा रमानन्द देव, सहसचिवमा परिष कर्ण तथा कोषाध्यक्षमा रामनारायण यादव रहेका छन् ।

सर्वसम्मतीले चयन भएको नयाँ कार्यसमितिको सदस्यहरुमा अरुण कुमार यादव, लोकेन्द्र कुमार यादव, महेश्वर भारती, निरजकुमार मण्डल, रंजित चौधरी, दिपेश जोशी र राजकुमार साह रहेका छन् ।

# दुई फरार प्रतिवादी पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, १७ साउन ।**

जालसाज तथा गालीगलौज मुद्दाका फरार दुई प्रतिवादीलाई सप्तरी प्रहरीले पक्राउ गरेको छ ।

जालसाज मुद्दामा फरार रहेका जिल्लाको बिष्णुपुर गाउँपालिका २ बस्ने रामनाथ यादवलाई प्रहरीले पक्राउ गरेको जनाएको छ ।

प्रहरीका अनुसार लगत नं. १५६६ र २ सय ५० रुँपैया जरिवाना तोकिएको जालसाजि मुद्दाको फरार प्रतिवादी यादवलाई मंगलबार पक्राउ गरेको हो ।

यस्तै प्रहरीले मंगलबारै लगत नं.११९८ र २ सय जरिवाना तोकिएको गालिगलौज मुद्दाका फरार प्रतिवादी जिल्लाको डाक्नेश्वलरी नगरपालिका ९ बस्ने मञ्जु देवी शर्मालाई पक्राउ गरेको छ ।

पक्राउ परेका दुबै जनालाई यादवलाई आवश्यक कारवाहिका लागि जिल्ला अदालत सप्तरीमा दाखिला गराएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# आगलागिमा दुई लाख भन्दा बढीको क्षति

**दैनिक समाचारदाता**
**राजविराज, १७ साउन ।**

सप्तरीको तिरहुत गाउँपालिका वडा नं. १ लगरवा टोलमा मंगलबार आगलागि भएको छ ।

गाईगोठमा लामखुट्टे धपाउन बालेको धुपबाट सल्केको आगोले स्थानीय मनोज लगरवारको फुसको घरमा आगलागि हुँदा पानि तान्ने ठुलो मोटर, मोटरको पाईप र काठ गरी २ लाख ४० हजार मुल्य बराबरको धनमाल जलेर नष्ट भएको हो ।

प्रहरीका अनुसार प्रहरी चौकी त्रिकोलबाट खटिएको प्रहरी टोली, सशस्त्र प्रहरी र स्थानिय बासीहरुको सहयोगमा आगो नियन्त्रणमा लिइएको थियो ।

# कोशी प्रदेशमा तीन सदस्यीय मन्त्रिपरिषद् बिस्तार

**दैनिक समाचारदाता**
**राजविराज, १७ साउन ।**

कोशी प्रदेशमा तीन सदस्यीय मन्त्रिपरिषद् बिस्तार भएको छ । मुख्यमन्त्री उद्धव थापाले मंगलबार सपथ लिएपछि बुधबार मन्त्रिपरिषद् बिस्तार भएको हो ।

सो मन्त्रिपरिषदमा निर्वतमान सभामुख माओवादी केन्द्रका नेता बाबुराम गौतमलाई आर्थिक मामिला तथा योजनामन्त्रीमा नियुक्त गरिएको छ भने खानेपानी, सिँचाइ तथा ऊर्जामन्त्रीमा कांग्रेसका प्रदीपकुमार सुनुवार र सडक पूर्वाधार तथा भौतिक विकासमन्त्रीमा नेकपा (एकीकृत समाजवादी) का कमलप्रसाद जबेगुले शपथ लिएका छन् ।

प्रदेश प्रमुखको कार्यालयमा बुधबार आयोजित समारोहमा थापाले प्रदेश प्रमुख परशुराम खापुङसमक्ष पद तथा गोपनीयताको शपथ लिएसँगै अन्य मन्त्रीले पनि सपथ लिएका हुन् ।

**स्तनपानः बालबालिकालाई वरदान**

- आमाको दुधमा बालबालिकालाई आवश्यक पर्ने पर्याप्त पानी र खनिज हुन्छ ।
- आमाको बिगौति दुधले बालबालिकालाई खोपसरहको काम गर्छ ।
- स्तनपानले शिशुको शारिरीक, मानसिक, संवेगात्मक, बौद्धिक तथा सामाजिक विकासमा मद्दत गर्छ ।
- बजारमा पाइने प्याकेट दुध वा फर्मुला आमाको दुधजस्तो पोषिलो हुँदैन ।

त्यसैले बालबालिकालाई स्तनपान गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### मुल्य बृद्धिप्रति सरोकारवाला सचेत होऔं

बजार आफूखुशी हुने मुल्यबृद्धि प्रति सरोकारवाला निकाय गम्भिर बन्न सकिरहेको छैन् । उपभोक्ताहरु यस्ता मुल्यबृद्धिले निकै मारमा परिरहेका छन् । दैनिक उपभोग्य बस्तुमा अहिले निकै मुल्यबृद्धि भएको छ । दैनिक भान्साकोठामा प्रयोग हुने सामाग्रिहरुमा भएको मुल्यबृद्धिका कारण सीमित बजेट भएकाहरुको ढाड सेकिएको छ । कुनै पनि बहानामा मुल्य बृद्धिप्रति प्रशासनले कडा कदम चाल्नु पर्छ । तर, प्रशासनले यस्तो कुनै पहल चालेको देखिन्न् । दैनिकी रुपमा प्रयोग हुने सामाग्रिहरुको मुल्य मनपरी बढाइएको छ । यता उपभोक्ताहरुले पनि पसलेले गरेको मुल्य बृद्धिको कुनै प्रतिक्रिया नदेखाउँदा झनै पसलेहरुको मनोबल उच्च देखिएको छ ।

हुने खानेले जतिसुकै पनि मुल्य बृद्धि भएपनि कुनै असर नपर्ने तर दैनिक रुपमा काम गरेर गुजारा चलाउने परिवारहरु प्रत्यक्ष रुपमा मारमा परेका छन् । तसर्थ कृतिम मुल्यबृद्धि तथा कृतिम अभाव गर्नेहरुलाई स्थानिय प्रशासनदेखी जनप्रतिनिहरु समेतले कारवाहीको दायरामा ल्याएर जनतालाई राहत दिनसक्नु पर्ने आवश्यक रहेको छ ।

# ‘मन नेपालमा, रोजीरोटी प्रवासमा’

**प्रकाश सिलवाल**

कोलकाता (भारत), १७साउन (रासस) ।

“हाम्रो मन मातृभूमि नेपालमै पुगिरहेको हुन्छ तर कामका सिलसिलामा आइएकाले बसोबास र रोजीरोटी यतै गर्नुपरेको छ । प्रवासमा रहेर नेपाल आमालाई पुकार्दै जीवन गुजारिरहेका छौँ ।” पश्चिम बङ्गालको कोलकाता-बेहलास्थित परिवहन (ट्रान्सपोर्ट) सम्बन्धी व्यवसाय गर्दै आएका तनहुँका केशव अधिकारी क्षेत्रीलाई नेपाल र नेपालीको प्रसङ्ग आउनेबित्तिकै भावनाको गहिराइमा पुगेको अनुभूति हुन्छ ।

सानो छँदा तनहुँको मिर्लुङस्थित चन्द्रावती खोलामा साथीसङ्गीसँग खेलेको र नुहाएकोदेखि अनेक स्मरणहरू उहाँका मानसपलटमा ताजा भएर आउने गर्छ । उहाँ प्रवासमा रहँदा वा जुनसुकै मुलुकमा पुग्दा नेपालको परिचय नलुकाई व्यक्त गर्ने गर्नुहुन्छ । अहिले उक्त खोलामा पक्की पुल बनेर सतिश्वरा र मिर्लुङ जोडिएका जस्ता प्रगतिका कुराले प्रवासमा रहँदा पनि क्षेत्रीको छाती गर्वले फुल्ने गर्छ । यहाँका राइपाली भञ्याङ, बयापानी भञ्याङ, मिर्लुङकोट, छह्रे, ठुलढुङ्गा आदि स्थलहरूलाई थप पर्यटकीय बनाउन के गर्न सकिन्छ भन्ने चासो उहाँलाई बरोबर भइरहन्छमस । ‘देशभक्ति त मर्दैन, चुत्थै देश भए पनि...’ नाट्यसम्राट बालकृष्ण समले भनेझैँ विकसित मुलुक भारतमा रहे पनि प्रवासी नेपालीलाई नेपालप्रतिको माया र सम्मानमा कुनै कमी आएको देखिँदैन ।

राष्ट्रिय विभूति आदिकवि भानुभक्त आचार्यको जन्मस्थल चुँदी रम्घासमेत रहेको भानु नगरपालिका-१३ मा जन्मनुभएका क्षेत्री चार दशकदेखि प्रवासमा रहे पनि हरेक कूलदेवता पूजा र बडादसैँमा सकेसम्म परिवारसहित लामो यात्रा तय गरेर गृहजिल्ला तनहुँमा आउने गर्नुहुन्छ । ‘के लजिष्टिक्स्’ र ‘क्षेत्री इन्टरप्राइजेज’ का सञ्चालक क्षेत्रीले गत साता बेहलास्थित कम्पनीको कार्यालयमा रासससँगको भेटमा आफ्ना नेपालप्रेमी भावना यसरी पोख्नुभयो, “नेपालीबीच जहाँ रहे पनि आपसमा प्रेम र सामूहिक भाव छ । प्रवासमा हुने सामाजिक क्रियाकलापले यहाँका नेपालीबीच अझ बढी भाइचारा हुने गरेको छ । नेपालबाट कोही पाहुना आउँदा हामीलाई भगवान् आएजस्तो लाग्छ । यता बसेर पनि देशको विकासको चासो गरिहरहन्छौँ । राजनीतिक अस्थिरता र भ्रष्टाचारका कुराले मनै अमिलो बनाउने गर्छ । नेताहरूले यो दर्द बुझेर देश विकासको काम गरिदिए हुन्थ्यो ।”

नेपाली कांग्रेसको राजनीतिमा पनि संलग्न क्षेत्री यहाँस्थित विभिन्न सामाजिक गतिविधिमा अगुवाइ गर्न पछि पर्नुहुन्न । हरेक बडादसैँका अवसरमा नवरात्र सुरु भएदेखि नै गोरखनाथ सेवा समितिको आयोजनामा पूजाआजा गरिने कार्यक्रम हुँदै आएको छ । सांस्कृतिक परम्पराको निरन्तरताका साथै उनीहरूको देशभक्ति हरेक क्षणमा प्रकट भइरहेको हुन्छ । गत वर्ष सेवा समिति स्थापनाको ५० औँ वर्ष भएकाले एसएन बेनर्जी रोड, न्यू मार्केट नजिक पशुपतिनाथको अस्थायी मन्दिर बनाएर नेपालीशैलीमा दुर्गा भगवतीको मूर्ति स्थापना गरेर समाजका सबै समुदायलाई पूजा गर्ने र हेर्ने प्रबन्ध गरिनु त्यसैको एक ज्वलन्त उदाहरण हो ।

यहाँ नेपाली जनकल्याण समिति, कोलकोताले मनाउने भानु जयन्तीका कार्यक्रम, साहित्यिक पत्रिका प्रकाशनदेखि नेपालीभाषी र प्रवासी नेपालाई आपत्विपत् पर्दा क्षेत्रीसहितको व्यावसायिक समूहले आर्थिकलगायत सहयोग गर्दै आएको छ । गोर्खा भूकम्पका समयमा प्रवासी नेपालीको समन्वयमा नेपालमा रु ५२ लाख बराबरको सहयोग पठाइएको थियो भने मेलम्ची बाढीपीडितका लागि रु छ लाख प्रदान गरिएको थियो ।

अहिले पनि उपचार नपाएर प्रवासमा भौँतारिएका र बेरोजगार भएर गुजारा चलाउन मुस्किल पर्ने नेपालीका लागि प्रवासी नेपाली संस्था र व्यावसायिक व्यक्तिहरूको समूहले सामाजिक सञ्जालकै सूचनाका भरमा आवश्यक प्रबन्ध र सहयोग जुटाउँदै आएको छ । व्यवसायी क्षेत्रीकै संयोजकत्वमा ‘संयुक्त नेपाली वेलफेयर ट्रष्ट’ले न्यू विवेकानन्द पार्क रोडको महेशतलास्थित बेहालामा करिब भारु ३० लाखको लागतमा पशुपतिनाथको स्थायी मन्दिर बनाउन जग्गा किनेर निर्माणकार्य सुरु गरिएको छ भने यहाँ भारत-नेपाल सांस्कृतिक भवन बनाउन पहल गर्ने लक्ष्य लिएको छ । भारत-नेपाल सांस्कृतिक भवन बनाउन अत्यन्त आवश्यक भएको । यो भवन बनेमा दुवै देशलाई लाभ हुने भएकाले यसको निर्माणमा दुवै देशका सरकारले सहयोग गर्नुपर्ने नेपालीभाषीहरूको आग्रह रहेको छ ।

कोलकोतामा नेपालीभाषीहरू चौकीदारी, सरकारी सेवा, अनौपचारिक श्रम, पारवहन, होटल व्यवसाय, गहनासम्बन्धी व्यवसायदेखि चिकित्सा, इन्जिनियरिङ पेसामा समेत संलग्न छन् । भारत सरकारले नेशनल रजिष्ट्रर सिटिजन्स (एनआरसी) लागू गरेपछि विगतमा जस्तो प्रवासी नेपालीले सहजरूपमा पेसा-व्यवसाय गर्न नपाउने हो कि भन्ने चिन्ता पैदा भएको छ । दोहोरो नागरिकता लिएर दुवै मुलुकमा पेसा-व्यवसाय गर्ने सवालमा यदाकदा कानुनी समस्या र झन्झट आइलाग्ने गरेका छन् ।

भारत-नेपाल जनमैत्री सांस्कृतिक मञ्चका अध्यक्ष खिमराज बराल सन् १८१६ मा नेपाल र तत्कालीन ‘इष्ट इन्डिया कम्पनी’बीच भएको सुगौली सन्धिका प्रावधानबमोजिम नेपालीले सहजताका साथ भारतमा पेसा व्यवसाय गर्न पाउने बताउँदै यसबारे सार्वजनिकरूपमा दुवै देशका सरकारी र जनस्तरका तहमा र अहिलेका पुस्तालाई पनि जानकारी नभएमा कसैले अनावश्यक दुःख खेप्नु नपर्ने धारण राख्नुहुन्छ । उहाँले उक्त सन्धिको मर्मअनुसार प्रवासी नेपालीले सहजताका साथ यहाँ पेसा व्यवसाय गर्न पाउनुपर्ने सवालमा आफूहरूले सहजीकरण गर्दै आएको र कोलकातामा एक ‘भारत-नेपाल सांस्कृतिक भवन’ निर्माणको लक्ष्यलाई सार्थक बनाउन लागिपरेको सुनाउनुभयो ।

प्रवासी नेपालीले कोलकोताको कुनै सडकलाई आदिकवि भानुभक्त आचार्यको नामाकरण गराउन यहाँको प्रदेश सरकारलाई सहमत पनि गराइसकेका छन् । यहाँ नेपालीभाषी र बङ्गाली भाषी समुदायबीच आत्मियता र प्रेमभावका साथ जनस्तरमा सम्बन्ध पनि जोडिएको छ । उनीहरू आपसमा एकाकार भएर सामाजिक गतिविधिमा जोडिने गर्ने गरेका छन् ।

प्रवासी नेपाली सङ्घ, भारतका केन्द्रीय अध्यक्ष एवं भारत-नेपाल जनमैत्री मञ्च, कोलकाताका संस्थापक अध्यक्ष साहित्यकार नारायणप्रसाद होमगाईं नेपालबाट यहाँ आएर काम गर्ने र बसोबास गर्नेहरू अधिकांश प्रवासी नेपाली रहेको र उनीहरूको मूलथलो नेपाल नै भएको स्पष्ट गर्नुभयो । एक निजी कम्पनीको वरिष्ठ लेखा अधिकृतबाट अवकाशप्राप्त उहाँले दार्जिलिङ र सिक्किमतिर बढी मात्रामा नेपालीभाषी भारतीय भए पनि कोलकातामा प्रवासी नेपाली धेरै रहेको जनाउँदै प्रवासी सङ्गठनहरूबीच कुनै प्रकारको राजनीतिक खिचातानी नभई आपसी सद्भाव र एकता होस् भन्नेमा सचेत रहेको जनाउनुभयो । उहाँले आफूहरूले विगतमा जस्तो दुई देशबीचका राजनीतिक मुद्धामा माग उठाउने र विवाद गर्नेजस्ता काम पनि अब नगर्ने स्पष्ट पार्दै भाषा र संस्कृतिलाई राजनीतिक सीमाले नबाँध्ने बताउनुभयो ।

अध्यक्ष होमगाईंले नेपाल जाँदा भारु २५ हजार मात्र लान पाइने, भारतको एटिएम कार्ड नेपालका बैंकमा नचल्नेजस्ता व्यवहारिक समस्या औँल्याउँदै हालै नेपालका प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’को औपचारिक भारत भ्रमणका अवसरमा दुई देशका प्रधानमन्त्रीबीच नयाँदिल्लीमा सझदारीपत्रमा हस्ताक्षर भएबमोजिम सीमापार विद्युतीय कारोबार (क्रस बोर्डर डिजिटल ट्रान्जेक्सन)को छिटो कार्यान्वयनमा जोड दिनुभयो ।

बडाबजारस्थित ‘मेटल फिनिसिङ’ व्यवसाय गर्दै आएका प्रवासी नेपाली चन्द्रबहादुर श्रेष्ठ आफूले हालसम्म ६०-७० जना नेपालीलाई यता ल्याएर रोजगारी र व्यवसायमा लगाएको, सीपमूलक तालिम दिलाएको र आनन्दमय जीवनयापनका उपायबारे उत्प्रेरणा पनि दिने गरेको जनाउनुहुन्छ । “नेपालमा काम नपाएर वा अभिभावकलाई दुःख दिएर बसेका कोही युवाहरू छन् यहाँ आउन चाहेमा हामी सीप विकाससहित आदत सुधार गराइदिन सक्छौँ । हामीले हाम्रो पालामा निकै सङ्घर्ष गरेका छौँ । अबको बाँकी जीवन नेपाल र नेपाली तथा मानव कल्याणका लागि दिन तयार छौँ”, पुर्ख्यौली घर रामेछाप भएका श्रेष्ठले भन्नुभयो ।

नेपाली जनकल्याण समितिका प्रमुख सल्लाहकार एवं साहित्यकार धर्मराज बराल प्रवासी नेपाली र नेपालीभाषी भारतीय दुवै देशका सांस्कृतिक सहचरी भएकाले उनीहरूको भावनाको सम्मान गर्दै सामाजिक कार्यमा प्रोत्साहन गर्नुपर्नेमा जोड दिनुहुन्छ । नेपालमा पर्यटक र लगानी भित्र्याउन सम्बन्धित सरकारी संयन्त्रले उपयुक्त योजना बनाई प्रवासी नेपालीको पनि साथ लिई कार्यान्वयन गर्न सकेमा नेपालको आर्थिक समृद्धिमा बल पुग्ने उहाँको भनाइ छ ।

कोलकोतास्थित नेपाली महावाणिज्य दूतावास र नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेडको शाखाले दुई देशबीचको व्यापार, पारवहन र द्विपक्षीय सम्बन्धका क्षेत्रमा कार्य गर्दै आएको छ । उपमहावाणिज्यदूत कर्णप्रसाद तिमिल्सिनाले नेपालमा उत्पादन र भारतमा खपत हुनसक्ने चियालगायतका वस्तुको व्यापार प्रवर्द्धनका लागि दुई देशबीच भएका समझदारी र विद्यमान करका दायरालाई सहजीकरण गरिएको जानकारी दिनुभयो ।

प्रवासी नेपाली र नेपालीभाषीले आफ्ना रीतिरिवाज र चाडपर्व भने आफ्नो परम्पराअनुसार नै मनाउँदै आएका छन् । उनीहरूले घरपरिवारमा नेपाली भाषा बोल्ने गर्छन् भने विद्यालय र कार्यालयमा आवश्यताअनुसार हिन्दी, बङ्गाली र अङ्ग्रेजी भाषाको प्रयोग गर्छन् । यहाँस्थित प्रवासी नेपाली सङ्गठन र सामाजिक संस्थामा उनीहरूको सहभागिता हुने गरेको छघस । गङ्गा आरती, बुद्ध जयन्ती, नयाँ वर्ष, हरितालिका (तीज), होली, महाशिवरात्रि, दीपावलीजस्ता पर्वमा यहाँ नेपाली र बङ्गाली समुदायबीच संयुक्त उत्सव पनि हुने गरेको छ । त्यसो त कोलकातामा नृत्य निर्देशनका

*बाँकी अन्तिम पृष्ठमा*

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# सूचना प्रविधि क्षेत्रमा नयाँ पुस्ताको रहरलाग्दो आकर्षण

**नरेन्द्र केसी**
काठमाडौं, १७ साउन (रासस) ।

नेपालमा परम्परागतरूपमा अर्थतन्त्रका पाँच आधार भनेर कृषि, जलस्रोत, पर्यटन, उद्योग र जनशक्तिलाई लिने गरिन्थ्यो । तर पछिल्लो एउटा नयाँ क्षेत्र थपिएको छ- सूचना तथा सञ्चार प्रविधि । केही दिनअघिमात्रै इन्स्टिच्युट फर इन्टिग्रेटेड डेभलपमेन्ट स्टडिज (आइआइडिएस)ले सार्वजनिक गरेको एक प्रतिवेदनको नतिजाले यो तथ्य अझ बलशालीरूपमा पुष्टि भएको छ । सो प्रतिवेदनअनुसार नेपालमै बसेर विदेशीलाई सूचना प्रविधि सेवा निर्यात गरिरहेका करिब साढे ६६ हजार आइटी जनशक्तिमार्फत वार्षिक ६७ अर्ब रुपैयाँभन्दा बढी आम्दानी भइरहेको छ ।

नेपालमा आइटी क्षेत्रले वार्षिक ६७ अर्ब ४६ करोड ५० लाख रुपैयाँ (५१५ मिलियन डलर) आम्दानी गरिरहेको उल्लेख गर्दै प्रतिवेदनमा सन् २०२२ मा सूचना प्रविधि सेवा निर्यातबाट देशको कुल गार्हस्थ उत्पादनमा १.४ र वैदेशिक लगानी सञ्चितिमा ५.५ प्रतिशत योगदान पुगेको देखिएको छ । आइटी सेवा निर्यातबाट भएको आम्दानी अघिल्लो वर्षको तुलनामा सन् २०२२ मा ६४.२ प्रतिशतले वृद्धि भएको, एक सय छ वटा कम्पनीमार्फत र फ्रिलान्सर गरी ६६ हजार पाँच सय नौ जनाले आइटीसम्बन्धी काम गरिरहेको जुन तथ्य सार्वजनिक भएको छ, यो नेपालको सूचना प्रविधिमा भएको निकै महत्वपूर्ण प्रगतिको सूचक हो ।

धेरै कोणहरूबाट यो सूचक महत्वपूर्ण छ । पहिलो कुरा त अब नेपालमा सूचना तथा सञ्चार प्रविधि अर्थतन्त्रको महत्वपूर्ण आधार हो भन्ने तथ्य स्थापित भएको छ । हिजो सूचना तथा सञ्चार प्रविधिलाई विलासिता वा मनोरञ्जनको साधन मात्रै मान्ने अवस्था थियो । अब आवश्यकताका आधारमा सूचना प्रविधि मानव जीवनका लागि नभई नहुने साधन बनेको छ भने आयआर्जनका हिसाबले पनि अर्थतन्त्रको महत्वपूर्ण आधारको रूपमा स्थापित हुँदै गएको पुष्टि भएको छ ।

दोस्रो, नेपालबाट बर्सेनी ठूलो सङ्ख्यामा बौद्धिक पलायन भइरहेको छ । कक्षा १२ उत्तीर्ण गरेपछि उच्च शिक्षामा नाममा ठूलो सङ्ख्यामा युवा विदेशिएका मात्र छैनन्, उनीहरूसँगै ठूलो परिमाणमा पूँजी पनि बाहिरिएको छ । यसले नेपाली समाजमा आर्थिक, सामाजिक र मनोवैज्ञानिक समस्या सिर्जना गरिरहेको छ । आर्थिकरूपमा वैदेशिक अध्ययनका नाममा ठूलो रकम बाहिरिएको छ भने सामाजिक रूपमा परिवारहरू विखण्डित हुन थालेका छन् । यसबाट समाजमा मनोवैज्ञानिकरूपमा पनि ठूलो असर पारेको छ ।

सन्तानलाई जति मायाँ गरेर हुर्काए पनि, लेखाए पढाए पनि अन्ततः विदेश नै जाने हुन् भन्ने मानसिकताले धेरैको दिमागमा घर गर्न थालेको छ । यो बेलामा देशभित्रै बसेर पनि उच्चस्तरको आयआर्जन गर्न सकिन्छ भन्ने तथ्य सूचना तथा सञ्चार प्रविधिको क्षेत्रबाट पुष्टि हुनुले नयाँ पुस्तालाई देशपभित्रै बसेर भविष्य खोज्ने बाटो देखाउने छ । यो आर्थिक, सामाजिक र मनोवैज्ञानिक हिसाबले महत्वपूर्ण सन्देश हो ।

तेस्रो, युवाहरूमाथि पनि ठूलो प्रश्न छ । युवाहरू गतिहीन भए, काम गर्दैनन्, सिर्जनशील छैनन् भन्ने जस्ता जुन आरोप लाग्ने गरेको छ । नेपालबाट सूचना प्रविधिको सेवा निर्यात गर्ने जनशक्तिमध्ये ८३.५ प्रतिशत २० देखि २९ वर्ष उमेर समूहका युवाहरू सक्रिय रहेको तथ्यले युवाहरूमाथि लाग्ने आरोप खण्डित गरेको छ । साँच्चीकै भन्दा अहिले सूचना प्रविधि सेवा निर्यातबाट जुन वैदेशिक डलर भित्रिएको तथ्य सार्वजनिक भएको छ, यसको ठूलो श्रेय नेपालका सिर्जनशील युवाहरूलाई जान्छ, जसले सूचना प्रविधिमा आफ्नो भविष्य देखेर जीवन समर्पित गरेका छन् । विश्व बजारमा आफ्नो सीप र दक्षता बिक्री गरेर जुन नतिजा प्राप्त गर्न सफल भएका छन्, यसबाट बहुआयामिक सन्देश प्रवाह भएको छ ।

चौथो, नेपालले अहिले ठूलो व्यापार घाटा व्यहोरिरहेको छ । निर्यातभन्दा आयात दशौं गुणा बढी हुने अवस्थाका कारण देशको अर्थतन्त्र निकै कमजोर साबित हुँदै गएको छ । अहिलेसम्म वैदेशिक रोजगारीमा गएका नेपालीहरूले पठाएको विप्रेषण र केही हदसम्म पर्यटकबाट भित्रने वैदेशिक रकमले वैदेशिक डलर सञ्चितिमा योगदान गरिरहेको अवस्था थियो । योसँगसँगै अब वस्तु बेचेर मात्रै वा श्रमिक बाहिर पठाएर मात्रै होइन, देशभित्रै बसेर सेवा निर्यात गरेर पनि आयआर्जन गर्दा यसले परोक्षरूपमा व्यापार घाटा कम गर्न र वैदेशिक डरको सञ्चिति बढाउन सहयोग गर्नेछ ।

**सरकारको भूमिका र भूमिका**

पछिल्लो समय सरकारले सूचना तथा सञ्चार प्रविधिको विकासलाई निकै महत्व दिएको छ । रेखा शर्माले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको जिम्मा सम्हालिसकेपछि सञ्चार प्रविधिको विकासलाई निकै प्राथमिक एजेण्डाको रूपमा स्थापित गर्ने प्रयास गरिरहनुभएको छ । उहाँले मन्त्रीको पदभार ग्रहण गर्दा देशभरिका राजमार्गमा सहज दूरसञ्चार सेवा पुर्‍याउने गरी 'हाइवे कनेक्टिभिटी'को नारा अघि सार्नुभयो भने त्यसपछि झण्डै छ महिनाको अवधिमा दर्जनौं बैठक सम्बद्ध निकायहरूको औपचारिक अनौपचारिक बैठक बोलाएर त्यसको कार्यान्वयनलाई नजिकबाट नियालिरहनुभएको छ । परिणामस्वरुप दूरसञ्चार क्षेत्रमा सुधारका सङ्केत देखा पर्न थालेका छन् ।

मन्त्री शर्माले पदभार ग्रहण गर्दैगर्दा सरकारी सर्भरमा अवरोध सिर्जना भएको घटनाप्रति गम्भीर बन्दै सूचना प्रविधि क्षेत्रका विज्ञहरूको उच्चस्तरीय समिति बनाएर अध्ययन प्रतिवेदन ग्रहण गरी कार्यान्वयनमा समेत लैजानुभएको छ । महत्वपूर्ण सवाल छ यो छ कि 'आधुनिक जीवनको आधार : सूचना, प्रविधि र सञ्चार' भन्ने मूल नाराका साथ नेपाल सरकारले सूचना तथा सञ्चार प्रविधि क्षेत्रको विकासलाई प्राथमिकता एजेण्डामा राखेको छ । सरकारको कूल पूँजीगत बजेटको न्यूनतम एक प्रतिशत रकम अनुसन्धान, नवप्रवर्तन र आविष्कारमा खर्च गर्ने नीति लिएको छ । नवप्रवर्तन र उद्यमशीलता विकास गर्न स्टार्टअप इको सिष्टम विकास गर्ने, उद्यमशील सोचलाई व्यवसायमा रुपान्तरण गर्न इन्क्युवेशन सेन्टर सञ्चालन गर्ने, नयाँ कम्पनी दर्ता गर्दा र कम्पनीको पूँजी वृद्धि निःशुल्क गर्ने, अनलाइनबाट नै कम्पनी दर्ता र खारेजी गर्ने, लगानीकर्ताका लागि आवश्यक सबै सूचना उपलब्ध हुने गरी राष्ट्रिय पोर्टल तयार गर्ने, सूचना प्रविधि र नवप्रवर्तनमा आधारित उद्योगका लागि लचिलो श्रम नीति अवलम्बन गर्नेलगायतका व्यवस्था यो वर्षदेखि सुरु गरिएको छ ।

त्यसैगरी सूचना प्रविधिको उद्योगमा वैदेशिक लगानीको सीमा यसै वर्षदेखि हटाइएको छ । सूचना प्रविधि सेवा निर्यात गर्ने उद्देश्यले सञ्चालित उद्योगलाई तेस्रो मुलुकमा सम्पर्क कार्यालय स्थापना गर्न र सफ्टवेयर वा प्रोग्राम खरिद तथा उपकरण जडान गर्ने उद्योगले गरेको विदेशी मुद्रा आर्जनको १० प्रतिशतसम्म विदेशी मुद्रा सटही सुविधा उपलब्ध गराउने चालु आर्थिक वर्षको बजेटमार्फत घोषणा भइसकेको छ ।

सरकारले चालु आर्थिक वर्षमा सूचना प्रविधिमा विजनेश प्रोसेस आउट सोर्सिङ, सफ्टवेयर प्रोग्रामिङ, क्लाउड कम्प्युटिङ जस्ता सेवा निर्यात गरी विदेशी मुद्रा आर्जन गर्ने व्यक्तिलाई विदेशी मुद्रामा प्राप्त गरेको आयमा लाग्ने करमा पचास प्रतिशत छूट दिने व्यवस्था मिलाएको छ । यसले देशभित्रै बसेर विभिन्न देशको काम गरी सेवा निर्यातमार्फत विदेशी मुद्रा आर्जन गर्ने सूचना प्रविधि क्षेत्रका जनशक्तिलाई प्रोत्साहित गर्ने छ । त्यसो हुन सके डिजिटल अर्थतन्त्र निर्माणमा महत्वपूर्ण योगदान पुग्ने छ । सन् २०२२ मा सूचना प्रविधि सेवा निर्यातबाट देशको कुल गार्हस्थ्य उत्पादनमा १.४ र वैदेशिक लगानी सञ्चितिमा ५.५ प्रतिशत योगदान पुगेको जुन तथ्य बाहिर आएको छ । सन् २०२३ र त्यसपछि क्रमशः यसमा उल्लेख्य वृद्धि हुने निश्चित छ किनकी अब सूचना तथा सञ्चार प्रविधि राज्यको प्राथमिकता एजेण्डा बनेको छ ।

अझै पनि नेपालमा सूचना तथा सञ्चार प्रविधिको विकासका लागि थुप्रै चुनौतीहरू छन् । सूचना प्रविधि क्षेत्रको विकासका लागि प्रतिष्पर्धी क्षमता विकास, व्यावसायिकता वृद्धि, उच्च गतिको भरपर्दो इन्टरनेट सेवा, सूचना प्रविधि पूर्वाधार, आवश्यक नीति र कानुन,

*बाँकी अन्तिम पृष्ठमा*


## बाढी/पहिरोबाट सतर्क रहौं ।

– गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं
– जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
– घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
– नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
– भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
– भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**जनहीतका लागि : राजविराज दैनिक**


## विश्व समाचार

### सूचना प्रविधिको अथाह सम्भावना रहेको भारतमा फक्सकनले थप लगानी गर्ने

नयाँदिल्ली, १७ साउन (रासस/एएनआई) ।

विद्युतीय सामग्री तथा उपकरण उत्पादनका निम्ति विश्व प्रख्यात ताइवनी कम्पनी फक्सकनका प्रमुखले सूचना प्रविधिको क्षेत्रमा लगानी गर्न अथाह सम्भावना भएको भारतमा कम्पनीले थप लगानी गर्ने बताएका छन् ।

सूचना प्रविधिको क्षेत्रमा उपकरण उत्पादनमा नाम कमाएको उक्त कम्पनीले भारतको तमिलनाडुमा रु १६ अर्बको लागतमा विद्युतीय उपकरण बनाउने कारखाना खोल्न सहमति जनाएको दुई दिनपछि कम्पनीका प्रमुख योङ लिउबाट थप लगानीको प्रतिबद्धता सार्वजनिक भएको हो ।

फक्सकनले तमिलनाडुमा 'इलेक्ट्रोनिक कम्पोनेन्ट' उत्पादन गर्ने कारखानामा छ हजारभन्दा बढीले रोजगारी पाउने छन् । तमिलनाडु सरकारका एक जना वरिष्ठ अधिकारीका अनुसार राज्यको राजधानी चेन्नइ नजिकको कञ्चीपुर जिल्लामा कारखाना स्थापना गरिनेछ ।

प्रधानमन्त्री नरेन्द्र मोदीले गत शुक्रबार गुजरातको गान्धीनगरमा फक्सकनका प्रमुख योङलाई स्वागत गर्दै 'सेमिकण्डक्टर' उत्पादन गर्ने कारखाना स्थापना गर्न आग्रह गर्नुभएको थियो । अधिकाश आधुनिक औद्योगिक प्रतिष्ठानदेखि कम्प्युटरलगायत यन्त्र तथा उपकरणका लागि आवश्यक पर्ने सेमिकन्डक्टर भारतजस्तो लोकतान्त्रिक मुलुकमा गर्नु फक्सकनका निम्ति लाभदायक हुने उहाँले बताउनुभएको थियो ।

संसारभरका लगानीकर्तालाई भारतमा चिप र सेमिकन्डक्टर बनाउने उद्योगमा लगानी गर्न आह्वान गर्दै त्यसबाट प्राप्त हुने अथाह लाभ उठाउन प्रधानमन्त्रीले आग्रह गर्नुभयो । चिप र सेमिकन्डक्टर बनाउनु भारतको मात्र आवश्यकत नभएको उल्लेख गर्दै उहाँले विश्वलाई आवश्यक पर्ने विश्वसनीय चिपको आपूर्ति भारतबाट हुने बताउनुभयो ।

प्रमुख कार्यकारी अधिकृत योङले प्रधानमन्त्री मोदीको 'मेक इन इन्डिया सेमीकन्डक्टर' दुरदर्शी योजनाको सराहना गर्दै भारतसग साझेदारी गर्न तयार रहेको बताउनुभयो । उहाँले भरपर्दो साझेदार भारतसँग सहकार्य एवम् साझेदारी गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले तीनदिने 'सेमिकन इन्डिया' सम्मेलनमा भाग पनि लिनुभएको थियो ।

### १ सय ४० वर्षपछि बेइजिङमा भीषण वर्षा

बेइजिङ, १७ साउन (रासस/एएफपी) ।

चीनको राजधानी बेइजिङलगायत आसपासका क्षेत्रमा हालै परेको मुसलधारे वर्षा एक सय ४० वर्षपछि भएको मौसम विज्ञान विभागका अधिकारीहरूले बताएका छन् ।

बेइजिङ मौसम विज्ञान विभागका अनुसार आँधीसहित चाडपिङको वाङ्जियायुआन जलाशय आसपासको क्षेत्रमा ७४४ दशमलव आठ मिलिमिटर वर्षा भएको छ । सन् १८९१ मा ६०९ मिलिमिटर पानी परेको थियो ।

राजधानी र आसपासका क्षेत्रमा शनिबारदेखिको मुसलधारे वर्षाबाट १३ करोड चिनियाँ प्रभावित भएका छन् । वर्षाको यो अभिलेख विगत ४० घण्टाको हो । राजधानी बेइजिङ र छिमेकी हेबेई प्रान्तमा नौ लाख ७४ हजार चार सय जना विस्थापित भएका छन् ।

वर्षामा कमी आएसँगै नदीमा जलस्तर पनि घट्दै गएको छ । अधिकारीहरूले जोखिमसूचक तहबाट पानीको सतह तल झरेको बताएका छन् । साथै उनीहरूले सर्वसाधारणलाई सचेत गराउने चेतावनीका सूचना पनि हटाएका छन् ।

बाढीपहिरामा परी कम्तीमा २० जनाले ज्यान गुमाएका छन्भने कयौं घाइते भएका छन् । राजधानीका एक लाख बाढीपीडितको उद्धार गरिएको छ भने रेलमा अलपत्र परेका यात्रीलाई हेलिकप्टरबाट खानेकुरा खसाएर सहयोग गरिएको थियो । साथै उनीहरूलाई सैनिक जवानले उद्धार गरेका थिए । उद्धारका क्रममा मङ्गलबार दुई जनाले बेइजिङमा ज्यान गुमाएका बताइएको छ ।

### बेइजिङ, हेबेई, टियानजिनमा बाढीबाट उत्पन्न समस्या समाधान गर्न ६१ करोड डलर

बेइजिङ, १७ साउन (रासस/सिन्ह्वा) ।

चिनियाँ कम्युनिष्ट पार्टी केन्द्रीय समितिको सङ्गठन विभागले बेइजिङ, हेबेई, टियानजिनमा बाढीबाट उत्पन्न समस्या समाधान गर्न ६१ करोड ७० लाख अमेरिकी डलर विनियोजन गरेको छ ।

उक्त चिनियाँ कम्युनिष्ट पार्टी केन्द्रीय समितिका सदस्यबाट सदस्यता शुल्कबापत सङ्कलन गरिएको हो । केन्द्रीय समितिको सङ्गठन विभागले सदस्यता रकम व्यवस्थापनका साथै कोष सञ्चालन गर्दै आएको छ ।

विभागले बाढी नियन्त्रण तथा विपद् व्यवस्थापन, पीडित परिवारलाई सहयोग, सर्वसाधारणको जीवन र सम्पत्तिको सुरक्षा, समग्र सामाजिक स्थायित्वको सुनिश्चितताका निम्ति सहायता रकम प्रदान गरेको हो । विभागले पार्टीका सबै तहका कार्यकर्तालाई नागरिक सुरक्षा सुनिश्चित गर्न आग्रह पनि गरेको छ ।

विभागले अग्रपङ्क्तिमा काममा खटिएका तथा बाढीबाट गम्भीर समस्यामा परेकालाई तत्काल सहयोग हुने गरी कोष विनियोजन गर्नुपर्नेमा जोड दिएको छ ।

गत शनिबारदेखि ती स्थानमा परेको अविरल वर्षाले जनजीवन अस्तव्यस्त बनाएको छ भने बाढीको चपेटामा परेका सर्वसाधारण राहतको प्रतीक्षामा रहेका फ्रान्सेली समाचार समिति एएफपीले जनाएको छ । एक सय ४० वर्षपछि देशमा यति भीषण वर्षा भएको मौसम विज्ञान विभागका अधिकारीले बताएका छन् ।

बेइजिङ मौसम विज्ञान विभागका अनुसार आँधीसहित चाडपिङको वाङ्जियायुआन जलाशय आसपासको क्षेत्रमा लगातार ४० घण्टा ७४४ दशमलव आठ मिलिमिटर वर्षा भएको छ । सन् १८९१ मा ६०९ मिलिमिटर पानी परेको थियो ।

बाढीपहिरामा परी कम्तीमा २० जनाले ज्यान गुमाएका छन्भने कयौं घाइते भएका छन् । वर्षाबाट १३ करोड चिनियाँ प्रभावित भएका छन् । राजधानी बेइजिङ र छिमेकी हेबेई प्रान्तमा नौ लाख ७४ हजार चार सय जना विस्थापित भएका छन् ।

# डेङ्गु नियन्त्रणका लागि विद्यालय बन्द

इनरुवा, १७ साउन (रासस)।

सुनसरीको धरान उपमहानगरपालिकामा डेङ्गु भाइरस नियन्त्रणका लागि पालिकाभित्रका सबै शैक्षिक संस्थाको पठनपाठन बन्द गरिएको छ। मङ्गलबार कार्यपालिका बैठकबाट उक्त निर्णय गरिएको हो।

विद्यालयमा पठनपाठन बन्द गरी डेङ्गु नियन्त्रण अभियान चलाउने निर्णय गरेको धरान उपमहानगरपालिकाका प्रमुख हर्कराज साम्पाङले जानकारी दिनुभयो। उपमहानगरले बिदाको बेला विद्यालयका शिक्षक, विद्यार्थीलाई डेङ्गु नियन्त्रणका लागि अभियानमा सहभागी गराउन आह्वान गरेको छ। बैठकले शिक्षक र विद्यार्थीसँगै सबै वडामा सामाजिक सङ्घसंस्था, टोल विकास समिति, स्थानीय समुदाय एकसाथ आ-आफ्नो वडाको टोलटोलमा खटिन अनुरोध गरेको छ।

डेङ्गु फैलाउने एडिज एजिप्टाई जातको लामखुट्टेको फुल पार्ने स्थान, लार्भा र प्युपा बन्ने स्थान पहिचान गरी नष्ट गर्ने अभियान चलाउन विद्यालय बन्द गरिएको धरान उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मातृका भट्टराईले बताउनुभयो। वडा समिति कार्यालय आ-आफ्नो वडामा निःशुल्क जाँच र औषधि वितरणका लागि स्वास्थ्य शिविर सञ्चालन गरे पनि लामखुट्टेको फुल, लार्भा र प्युपा नै नष्ट नगरेसम्म डेङ्गु नियन्त्रण नहुने देखिएकाले व्यापक जनपरिचालन गर्ने निर्णय गरिएको धरान-१५ का वडाध्यक्ष नरेशकुमार इवारामले बताउनुभयो।

धरानमा डेङ्गुबाट गत जेठ तेस्रो सातायता एक बालिकासहित आठजनाको मृत्यु भइसकेको छ। निजी क्लिनिक, विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानलगायतमा डेङ्गुका बिरामीले शय्या पाउन मुश्किल भएको छ। यही साउन १५ गतेसम्ममा चार हजार दुई सय १८ जनाको जाँच गर्दा दुई हजार चार सय ९५ जनामा डेङ्गु पोजिटिभ पाइएको धरान उपमहानगरका स्वास्थ्य महाशाखा प्रमुख उमेश मेहताले बताउनुभयो।

# आपराधिक घटनामा वृद्धि, सबैभन्दा बढी उपत्यकामा

काठमाडौँ, १७ साउन (रासस)।

नेपालमा आपराधिक घटनामा वृद्धि भएको पाइएको छ। प्रहरी प्रधान कार्यालयका अनुसार पछिल्लो दुई वर्षको तथ्याङ्क हेर्दा अघिल्लो वर्षभन्दा १० हजार बढी अपराधका घटना प्रहरीमा दर्ता भएका छन्।

गएको आर्थिक वर्ष २०७९/८० मा कुल ५६ हजार तीन सय १९ विभिन्न प्रकृतिका आपराधिक घटना भएका छन्। प्रहरी प्रधान कार्यालयका अनुसार ती घटनामध्ये ३३ हजार ६३ वटा घटनाको फर्स्यौट भएको छ भने २३ हजार बढी मुद्दा फर्स्यौट हुन बाँकी छ। त्यसको अघिल्लो आव २०७८/७९ मा भने ४६ हजार नौ सय दुई वटा घटना दर्ता भएका थिए।

प्रहरीका केन्द्रीय प्रवक्ता, प्रहरी नायब महानिरीक्षक कुबेर कडायतले घटना उजुरी दर्ताका हिसाबले अघिल्लो आवभन्दा गएको आवमा बढेको बताउनुभयो।

उहाँका अनुसार सबैभन्दा बढी काठमाडौँ उपत्यकामा १६ हजार बढी घटना दर्ता भएको छ। त्यसपछि मधेस प्रदेशमा नौ हजार बढी र कोशी प्रदेशमा आठ हजार बढी घटना दर्ता भएको प्रहरी प्रधान कार्यालयले जनाएको छ।

प्राप्त विवरणअनुसार सिआइबीमा ४३, काठमाडौँ उपत्यकामा १६ हजार छ सय २७, कोशी प्रदेशमा आठ हजार सात सय २०, मधेस प्रदेशमा नौ हजार आठ सय ४४, बागमती प्रदेशमा चार हजार छ सय ७९, गण्डकी प्रदेशमा चार हजार एक सय ७७, लुम्बिनी प्रदेशमा छ हजार नौ सय ९७, कर्णाली प्रदेशमा एक हजार सात सय २९ र सुदूरपश्चिम प्रदेशमा तीन हजार पाँच सय तीन उजुरी दर्ता भएको छ।

प्रवक्ता कडायतले भन्नुभयो, "अन्य घटना खास त्यसरी बढेका छैनन्, जघन्य अपराध पनि बढेको छैन, त्यही बैंकिङ कसुर, साइबरजन्य अपराध भने बढेको छ।" पैसा नभएको बैंकका चेक दिएको उजुरी परेको सङ्ख्याछ ह्वात्तै बढेको उहाँले बताउनुभयो।

प्रहरीको विवरणअनुसार बैंकिङ कसुरका मात्रै १२ हजार एक सय ३५ घटना दर्ता भएको छ। यस्तै ज्यानसम्बन्धीका कसुर नै आठ हजार बढीको भएको छ। झन्डै सात हजार आत्महत्याका घटना भएका छन्। चोरीसम्बन्धी घटना नै तीन हजार छ सयभन्दा बढी भएको छ भने छ हजार बढी सङ्गठित तथा आर्थिक अपराधका छन्।

त्यसैगरी ११ हजार बढी सामाजिक अपराधका घटना भएको छ। महिला तथा बालबालिकासम्बन्धी चार हजार बढी अपराध भएको तथा सवारीसम्बन्धी दुई हजार घटना भएको प्रहरीको अभिलेखमा उल्लेख छ।

# पेट्रोलियम पदार्थको मूल्य बढ्यो

काठमाडौँ, १७ साउन (रासस)।

पेट्रोलियम पदार्थको मूल्य बढेको छ। नेपाल आयल निगमले मंगलबार राति १२ बजेदेखि लागू हुने गरी पेट्रोलियम पेट्रोलमा रु नौ तथा डिजेल र मट्टितेलमा रु सात बढाएको छ। भारतबाट मूल्य बढेर आएका कारण बढाइएको आयल निगमले जनाएको छ।

अब पेट्रोलको मूल्य प्रतिलिटर पहिलो वर्गमा रु १७०, दोस्रो वर्गमा रु१७२ र तेस्रो वर्गमा रु१७३ पुगेको छ। त्यसैगरी डिजेल र मट्टितेलको मूल्य पहिलो वर्गमा रु१५०, दोस्रोमा रु १५२ र तेस्रो वर्गमा रु १५३ कायम भएको छ। एलपी ग्यासको मूल्य भने प्रतिसिलिण्डिर रु एक हजार छ सय ६० मा झरेको छ। एलपी ग्यासको मूल्य भने प्रतिसिलिण्डर रु१३० घटाएको छ।

## सूचना प्रविधि ...

सरोकारवालाहरूबीचको समन्वय र सहकार्य आदि चुनौती विद्यमान छन्। यी चुनौती क्रमशः न्यून हुँदै जाने छन् किनकी यसमा राज्यको गहिरो ध्यान गएको छ।

विश्व बजारमा जुन क्षेत्रमा जनशक्ति माग भइरहेको छ, त्यसको अध्ययन गरी नेपालभित्रै सहज पठनपाठनका लागि पनि सरकारले पहल गरिहेको छ। सूचना प्रविधिमा स्नातक गरेका विद्यार्थीहरूलाई सेवा प्रवेशका लागि सहयोग पुग्ने गरी निश्चित अवधि तोकेर तालिम प्रशिक्षणको व्यवस्था गर्ने गरी तयारी थालिएको छ भने सूचना प्रविधिको क्षेत्रमा छोटा व्यावसायिक तालिमको गृहकार्य भइरहेको छ।

सरकारले डिजिटल नेपाल फ्रेमवर्क कार्यान्वयनका लागि योजनाबद्ध पहल सुरु गरेको छ। यस क्षेत्रमा दक्ष जनशक्तिको आकर्षण बढाउनका साथै उपलब्ध जनशक्तिको क्षमता अभिवृद्धि गर्न सूचना प्रविधि विषयमा स्नातकोत्तर, एमफिल र विद्यावारिधि गर्ने विद्यार्थीलाई विश्वविद्यालय अनुदान आयोगको सहकार्यमा छात्रवृत्ति प्रदान गर्ने र सार्वजनिक सेवा क्षेत्रमा कार्यरत दक्ष जनशक्तिलाई प्रोत्साहन गर्ने कार्यक्रम यसै आर्थिक वर्षदेखि सुरु गरिएको छ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको अगुवाइमा सूचना प्रविधिको अध्ययन अनुसन्धानमा लागेका संस्था र व्यक्तिलाई आविष्कार र नवप्रवर्तनमा थप आकर्षित गर्ने गरी देशभरिबाट हजारौं प्रतिभाहरू सहभागी हुने गरी राष्ट्रियस्तरको प्रतिष्पर्धा गराउने डिजिटल च्याम्पियन, आइटी एक्जिबिसन, व्यावसायिक तालिमलगायतका नयाँ कार्यक्रम अघि सारिएको छ। सूचना प्रविधिको क्षेत्रमा आवश्यक नीति र कानुन निर्माणलाई सरकारले प्राथमिकतामा राखेको छ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री शर्माले सार्वजनिक आव्हान गरेजस्तै 'अब नेपालबाट श्रमिक होइन, सेवा निर्यात गर्ने' लक्ष्यलाई राष्ट्रिय महत्वको लक्ष्यको रूपमा अघि बढाउन आवश्यक छ। सरकारको सहजीकरण र यस क्षेत्रमा संलग्न संस्था, विज्ञ तथा सूचना प्रविधिकर्मीहरूको समन्वयात्मक पहलकदमीद्वारा सूचना प्रविधिको क्षेत्रबाट देशको समृद्धिको आधार निर्माण गर्ने वातावरण सिर्जना गर्न ढिलाई गर्नु हुँदैन। सूचना तथा सञ्चार प्रविधि क्षेत्रमा देखिएको नयाँ पुस्ताको रहरलाग्दो आकर्षण र उत्साह राष्ट्र निर्माण र समृद्धिको गतिलो आधार बन्नसक्छ भन्ने तथ्य सबै पक्षले आत्मसात गर्नु आवश्यक छ। (लेखक सञ्चार तथा सूचना प्रविधिमन्त्रीका सञ्चार विज्ञ हुनुहुन्छ।)

## 'मन नेपालमा,...

क्षेत्रमा चम्किरहेका दिलीप थापाले समय-समयमा नेपालका कलाकार र नृत्य निर्देशकबीच भाइचारा बढाउँदै आएका छन्।

नेपाली जनकल्याण समितिले हरेक वर्ष आदिकवि भानुभक्त आचार्यको जन्मजयन्ती कार्यक्रम गर्दै आएको छ भने 'श्रीश्री जानकी माता नेपाली धार्मिक सङ्घ'ले मानवीय कार्य गर्दै आएको छ। समितिले यही साउन ६ गते हावडा मैदानस्थित शरत सदनमा नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति भुपाल राईको प्रमुख आतिथ्यतामा दुई सय १०औं भानुजयन्ती मनाएको थियो। कार्यक्रममा भारतको पश्चिम बङ्गालका सहकारीमन्त्री अरुप रायको पनि उपस्थिति थियो। समितिले 'बिहानी' नामक वार्षिक पत्रिका प्रकाशन गर्दै आएको छ भने भारत-नेपाल जनमैत्री सांस्कृतिक मञ्चका हरेक दुई वर्षमा अन्तर्राष्ट्रिय साहित्य सम्मेलन आयोजना गरी दुई देशको सांस्कृतिक र साहित्यिक सम्बन्धलाई जोड्दै आएको छ।


**डा. कालीप्रसाद यादव**

MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग

हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

**डा. रिपला आचार्य**

MBBS, MD (BPKIHS) NMC NO. 19992

**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**

डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी

यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ।

**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**

हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७



National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)

coop

मिति २०८०/०४/१७

प्रेस विज्ञप्ती

सहकारी क्षेत्रमा नेपाल राष्ट्र बैंक समेतको नियमनमा रही नियमनकारी निकायका निर्देशनहरु पूर्ण रूपमा पालना गर्दै संस्थागत सुशासन सहित सञ्चालित राष्ट्रिय सहकारी बैंक लिमिटेड सहकारी क्षेत्रको प्रवर्द्धन र विकासमा केन्द्रीत रहदै आएको छ। सहकारीहरुको संस्थागत विकास र वित्तीय व्यवस्थापन लगायत सहकारीको समग्र विकासमा बैंकले आफ्नो तर्फबाट सक्दो पहल, प्रयत्न र संयोजनकारी भूमिका निर्वाह गर्दै आइरहेको छ। विभिन्न समयमा बैंक र बैंकका अध्यक्ष के.बी. उप्रेतीलाई लक्षित गरी सार्वजनिक हुने गरेका समाचारप्रति बैंकको गम्भीर ध्यानाकर्षण भएको छ। समाचार र त्यसका आधारमा हुने गरेका चर्चाहरुको पछि नलाग्न तथा बैंकको बारेमा सत्य तथ्य बुझेर धारणा बनाउनु हुन सम्पूर्ण सहकारी संघ, संस्था, सहकारीकर्मी एवम् सरोकारवालाहरुलाई हार्दिक अनुरोध गर्दछौं।

बैंकका ५ वटा सदस्य सहकारी संस्थाहरु एकिकरण हुँदा साबिकको सदस्य संस्था हाम्रो सगरमाथा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडमा बैंकको कर्जा रकम रु २८ करोड रहेको र बैंकको नीति बमोजिम सबै सहकारीको एकल कर्जा सीमा भित्रै रहेको अवस्थामा एकिकरण भएका सबै संस्थाले लिएका कर्जाको कूल रकम एक अरब नजिक रहन पुगेको हो। सहकारी विभागले सम्बन्धित संस्थाहरुले नै बैंकको कर्जा सिमा भित्र ल्याउने योजनाका साथ एकीकरण गर्न अनुमति दिएको र बैंकको नीति अनुसार आगामी तिन वर्षभित्र एकीकृत संस्थाले कर्जालाई सिमा भित्र ल्याउनु पर्ने व्यवस्था रहेको समेत जानकारी गराउदछौं।

नेपाल राष्ट्र बैंक एव सहकारी विभागसमेतको निर्देशन अनुसार बैंकले आफ्ना सम्पूर्ण वित्तीय विवरणहरु सार्वजनिक गर्दै आएको छ, जसबाट बैंकको अवस्थाको बारेमा जानकारी लिन सकिन्छ। कोभिड-१९ तथा रुस र युक्रेनबीचको युद्धले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अर्थतन्त्र प्रभावित भएसँगै सहकारी संस्थामा तरलता अभाव भई सिर्जित समस्याले सहकारी क्षेत्र प्रति ससय पैदा भएको हामी सबैलाई सर्वविदितनै छ। पछिल्लो समय विस्तारै अर्थतन्त्र चलायमान भई तरलता संकटको अवस्थामा क्रमशः सुधार हुँदै गएको यो विषम परिस्थितिमा मिति २०८० असार मसान्तसम्मको वित्तीय विवरण अनुसार बैंकको तरलताको अवस्था ३६.९९ प्रतिशत कायम रहेको छ।

बैंकमा दोस्रो कार्यकाल अध्यक्षको जिम्मेवारीमा रहनु भएका श्री के.बी. उप्रेतिले बिगतमा १५ वर्षसम्म बैंकको प्रबन्ध सञ्चालक (महाप्रबन्धकको जिम्मेवारी हेर्ने गरी) पदमा, पटक-पटक राष्ट्रिय सहकारी विकास बोर्डको विज्ञ सदस्यको पदमा र राष्ट्रिय सहकारी महासंघको लेखा सुपरीवेक्षण समितिको संयोजकको पदमा रही कार्य सम्पन्न गर्नुका साथै हाल उक्त महासंघको सञ्चालक पदमा समेत कार्यरत हुनुहुन्छ। व्यवस्थापन संकायमा स्नातकोत्तर तहसम्म अध्ययन गर्नु भएका यस बैंकका अध्यक्ष बैंकिङ क्षेत्रमा लामो अनुभव रहेको आधारमा नेपाल सरकार मन्त्रिपरिषद्को बैठकबाट स्वीकृत "सहकारी क्षेत्र सुधार सुझाव कार्यदल २०८०" को विज्ञ सदस्य (वित्त विश्लेषक) पदमा गत बैशाखमा नेपाल सरकार (विभागीय मन्त्रिस्तर) को निर्णयानुसार नियुक्त हुनु भएको हो।

सहकारी क्षेत्रमा देखिएका समस्या समाधानका लागि सरकारदेखि सहकारी अभियानका तर्फबाट विभिन्न तरिकाले पहलकदमी भैरहेको सन्दर्भमा देशभरका सदस्य सहकारी संघ/संस्था, नियामकीय निकाय, तथा सम्पूर्ण सरोकारवालाको विश्वासबाट सञ्चालित बैंकलाई लक्षित गरी भएका विभिन्न गतिविधिहरुबाट भ्रममा नपर्न सम्पूर्ण सहकारीकर्मी एवम् सरोकारवालाहरुमा अनुरोध गर्दछौं। देश भरका सहकारी संघ/संस्थाको विश्वास, साथ र सहयोगद्वारा स्थापित एवम् सञ्चालित यस बैंकलाई विगतमा झैं साथ/सहयोग दिनुहुनेछ भन्ने पूर्ण विश्वास सहित सम्पूर्ण सरोकारवालामा हार्दिक धन्यवाद ज्ञापन गर्दछौं।

धन्यवाद ! जय सहकारी !!

सूचना अधिकारी

हाम्रो लक्ष्य: सम्पूर्ण सहकारीको दिगो भविष्य

ho@ncbl.coop www.ncbl.coop


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*